# कानेपोखरी गाउँपालिका
Kanepokhari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
बयरवन, मोरङ/Bayarban, Morang

प्रदेश नं. १, नेपाल
Province No. 1, Nepal


मितिः २०७९।०७।२८

प.सं. २०७९/०८०
च.नं. 655

**विषयः आमाको सीप सन्तानलाई अर्गानिक गुन्द्रुक मोरङलाई नामक कार्यक्रम अन्तर्गत गुन्द्रुक उत्पादन गर्न चाहने कृषक लक्षित सूचना।**

कानेपोखरी गाउँ कार्यपालिकाको बैठकले "आमाको सीप सन्तानलाई अर्गानिक गुन्द्रुक मोरङलाई कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" स्वीकृत गरेको छ। स्वीकृत कार्यविधि अनुसार गाउँपालिका क्षेत्रभित्रका सबै वडामा एक/एक विगाहा क्षेत्रफलका दरले जम्मा सात विगाहा क्षेत्रफलमा प्राङ्गारिक तथा जैविक मल मात्रको प्रयोग गरी चालु आर्थिक वर्ष २०७९।०८० मा देहाय बमोजिम हुने गरी उक्त कार्यक्रम सञ्चालन गरिने भएकाले कार्यक्रममा सहभागिता जनाउन चाहने गाउँपालिका क्षेत्रभित्रका सबै वडाका इच्छुक कृषक वा कृषक समुहले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन अर्थात् मिति २०७९।०८।१२ गतेभित्र सम्बन्धित वडामा आवेदन गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघी प्राप्त हुन आएका तथा रीत नपूगेका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

**देहायः**

१. कार्यक्रममा सहभागिता जनाउन चाहने कृषक वा कृषक समुहले कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा सम्बन्धित वडामा आवेदन गर्नु पर्नेछ।

२. कार्यविधि बमोजिम गुन्द्रुक उत्पादन गर्न आवेदन गर्ने कृषकहरुमध्ये योग्य देखिएका कृषक वा कृषक समुहको छनोट सम्बन्धित वडाले गर्नेछ। वडाबाट छनोट हुने कृषक वा कृषक समुहले प्रति कृषक कम्तीमा दुई कठ्ठा क्षेत्रफलमा कृषि विकास शाखाले निर्देश गरे बमोजिम तोरीको गुन्द्रुक उत्पादन गर्नु पर्नेछ।

३. गुन्द्रुक उत्पादनका लागि छनोट भएका कृषकहरुलाई परम्परागत तवरले गुन्द्रुक उत्पादनमा निपूर्णता हाँसिल गरेका आमाहरु सहितको प्राविधिक टोली मार्फत् तालिम प्रदान गरिनेछ।

४. गुन्द्रुक उत्पादनका लागि वडागतरुपमा छनोट हुने कृषकलाई गाउँपालिकाबाट प्राङ्गारिक मल तथा वीउ अनुदानमा उपलब्ध गराइनेछ।

५. स्वीकृत कार्यविधि बमोजिम गुन्द्रुक उत्पादन गर्न छनोट भएका कृषकले गुन्द्रुक उत्पादन गर्न लाग्ने लागत समेतको विश्लेषण गरी कार्यपालिकाले निर्धारण गरेको मूल्यमा त्यसरी उत्पादन भएको गुन्द्रुक गाउँपालिकाले खरिद गर्नेछ।

(सागर पौडेल)
कृषि विकास शाखा प्रमुख

२०७९।०७।२८
(सन्तोष घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

(कार्यविधिको दफा ४ सँग सम्बन्धित)

श्री

श्री वडा अध्यक्षज्यू, मिति २०    ।    ।

..... नं. वडा कार्यालय, कानेपोखरी गाउँपालिका, मोरङ।

विषयः गुन्द्रुक उत्पादन कार्यक्रममा सहभागिता जनाउन आवेदन गरेको।

प्रस्तुत विषयमा कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालयको मिति २०   ।   ।   मा प्रकाशित सूचनाका विषयमा म/हामीलाई जानकारी भयो। आमाको सीप सन्तानलाई अर्गानिक गुन्द्रुक मोरङलाई कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बमोजिम म/हामी पनि देहायमा उल्लिखित क्षेत्रफलमा कार्यविधिले उल्लेख गरे बमोजिम गुन्द्रुक उत्पादन गर्न इच्छुक भएकाले कार्यक्रममा सहभागिता जनाउनका लागि यो आवेदन गर्दछु/गर्दछौं। मैले/हामीले भरेका विवरण ठीक साँचो हो। झुठ्ठा ठहरिए कानून बमोजिम सहुँला/बुझाउँला।

| सि.नं. | विवरण |
|---|---|
| १. | गुन्द्रुक उत्पादनका लागि ........................................ कठ्ठा क्षेत्रफलमा तोरी लगाउन इच्छुक छु/छौं। |
| २. | गुन्द्रुक उत्पादन कार्यक्रममा छनोट भएको खण्डमा कृषि विकास शाखाले निर्देश गरे बमोजिम प्राङ्गारिक तथा जैविक मल मात्र प्रयोग गरी कार्यविधिले व्यवस्था गरे बमोजिम तोरीको गुन्द्रुक उत्पादन गर्नेछु/गर्नेछौं। |
| ३. | गाउँपालिकाबाट अनुदानस्वरुप प्राप्त हुने प्राङ्गारिक मलको प्रयोग गरी एकै सिजनमा कम्तीमा दुई पटक परम्परागत विधि र पद्धतिको अवलम्बन गरी गुन्द्रुक उत्पादन गर्ने प्रतिवद्धता गर्दछु/गर्दछौं। |
| ४. | कार्यविधिमा व्यवस्था भए बमोजिम मैले/हामीले उत्पादन गर्ने गुन्द्रुक कार्यपालिकाले निर्धारण गरेको मूल्यमा गाउँपालिकालाई विक्री गर्नेछु/गर्नेछौं। |

**संलग्न कागजातहरुः**

-नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

-सम्भव र उपलब्ध भएसम्म जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि।

**निवेदक/कृषक वा कृषक समुहको-**

नाम,थरः

सम्पर्क नम्बरः

हस्ताक्षरः

कृषक समुह भए समुहको छापः